नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(.................................... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- २०८०।०८१

चलानी नं.:- ३९१

मितिः २०८१।१।४

नेपाल संवत:११४४ चौलाथ्व अष्टमी -८

विषयः पाठ्यक्रम तथा पाठ्यसामग्री प्रयोग सम्बन्धमा ।

शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा ८ तथा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ६ मा विद्यालयले नेपाल सरबारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यसामग्री लागु गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस सम्बन्धमा केन्द्रले च. न. ३६९ मिति २०८०।१२।१६ गतेको सूचनाबाट सबै स्थानीय तह, सामुदायिक र संस्थागत विद्यालयहरूलाई पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति प्राप्त पाठ्यपुस्तक / पाठ्यसामग्री / सिकाइ सामग्री मात्र प्रयोग गर्ने गराउनेसम्बन्धी सूचना जारी गरिसकिएको छ । यद्यपि केही विद्यालयहरूले कानुनी व्यवस्थाको प्रतिकूल हुनेगरी आफूखुसी पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नभएका पाठ्यपुस्तक तथा विदेशी पाठ्यपुस्तकहरू पनि प्रयोग गरेको भन्ने विषयमा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचार तथा अभिभावकहरूबाट समेत प्राप्त गुनासाप्रति यस केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ ।तसर्थ पाठ्यक्रम विकास केन्द्रबाट अनुमति / स्वीकृति नभएका पाठ्यपुस्तक तथा विदेशी पाठ्यपुस्तकहरू प्रयोग नगर्न नगराउनुहुन सम्पूर्ण विद्यालय, अभिभावकहरूमा अनुरोध गरिन्छ । साथै सबै स्थानीय सरकार एवम् शिक्षा विकास तथा समन्वय एकाइहरूलाई तत्सम्बन्धमा नियमित अनुगमन गर्नुहुन र अनुगमनका क्रममा कानुनी व्यवस्थाको प्रतिकूल हुने गरी त्यसप्रकारका पाठ्यपुस्तक प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही गर्न गराउनुहुन अनुरोध छ ।

..........................
(वैकुण्ठप्रसाद अर्याल)
महानिर्देशक